जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ५ २०७८ साल भदौं ६ गते आइतवार (22 Aug. 2021 Sunday) मूल्य रु. ७/-

**प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं**

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : स्वस्थ जीवनका लागि ... पृष्ठ ३ मा : नेपाललाई अफगानिस्तानको ... पृष्ठ ५ मा : तीन जना सवार अनटेष्ट ... पृष्ठ ५ मा : जलवायु परिवर्तनका कारण ....

# गोबरगाढा पुनः डुवानमा बाढीको त्रासले जाग्राम



**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १३ गोबरगाढामा बाढी आउँदा स्थानियहरु रातभर जाग्राम बस्न बाध्य छन् । सो गाउँमा बर्षेणी बाढी आउने गर्दछ ।

चारैतिर सप्तकोशी नदीले घेरिएको सो गाउँमा शुक्रबार पनि विगतका वर्ष झैं यस वर्ष पनि बाढी पस्दा चार जनाको घर भत्काउनुका साथै चार दर्जन घर जलमग्न भएपछि स्थानिय त्रसित भएका छन् ।

बाढी पसेपछि गाउँकै उच्च स्थानमा रहेको राष्ट्रिय प्राथमिक आधारभुत विद्यालयमा आश्रय लिन पुगेका सबै परिवार भने पानी घट्दै गएपनि शनिबार घर फर्किएको नगर प्रमुख शैलेश साहले जानकारी दिएका छन् ।

वर्षा भए फेरी डुवान पर्ने जोखिम कायमै रहेकाले त्रासमा आफूहरु रातमा जाग्राम बस्न थालेको स्थानिय हरि यादवले सुनाए । वर्षासँगै सप्तकोशीको बाढी कुनै बेला पनि फेरी आउन सक्ने भएकाले रातभर जाग्राम बस्न बाध्य छन् उनीहरु ।

यता जोखिमलाई ध्यानमा राख्दै सो बस्तीमा आवश्यक पर्ने डुङ्गा तयारी अवस्थामा राखिएको नगर प्रमुख साहले बताए । वडा अध्यक्ष यादवले नगरपालिकाबाट ६ वटा डुङ्गा सहयोग स्वरुप प्राप्त भएको र सो ढुङ्गाहरु बस्तीमै तयारी अवस्थामा राखिएको जानकारी दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# मोटरसाईकल चोरी गर्ने समूह पक्राउ



**राजविराज**/सप्तरीमा श्रृखंलाबद्ध रुपमा मोटरसाईकल चोरी गर्ने समुहलाई पक्राउ गरि प्रहरीले सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले मोटरसाईकल चोरी गर्ने समूहलाई सोमवार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा सप्तरीको कंचनरुप नगरपालिका १२ का ३५ वर्षिय पोष्टराज खत्री, उदयपुरको

*बाँकी पाँच पृष्ठमा*






## सम्पादकीय

# फोहर व्यवस्थापन स्थलको पहल थालौं

नेपालकै पुरानो मध्ये एक राजविराज नगरपालिकामा अहिलेसम्म फोहर व्यवस्थापनका लागि स्थल छैन् । नगरको विभिन्न भागबाट दिनहुँ उठाउने फोहर व्यवस्थापनका लागि पायक पर्ने खोला तथा नदीको किनारमा व्यवस्थापन गर्ने गरिन्छ । यसरी फोहर नदी, खोलाना किनारमा फ्याक्ने प्रवृती कदापी राम्रो होइन् । किन भने सो नदी, खोलामा बग्ने पानी पशु चौपायाले पिउने गर्छन् । जसकारण पशु चौपाया बिरामी पर्ने सम्भावना समेत रहेको छ ।

हुन त फोहर मैला व्यवस्थापनका लागि सबै पालिकाले आ-आफ्नो अनुकुल क्षेत्रमा फोहर व्यवस्थापन गर्ने गरेका छन् । कतिपय पालिकामा हालसम्म फोहर व्यवस्थापन गर्ने योजना समेत रहेको छैन् । जनता आ-आफ्नै घरमा फोहर व्यवस्थापन गर्ने गरेका छन् । राजविराज नगरपालिकामा फोहर व्यवस्थापनका लागि हरेक वर्ष बजेट नै छुट्याइन्छ । तर, आजसम्म ड्याम्पिङ साइट (फोहरमैला व्यवस्थापन गर्ने स्थल)को रुपमा कुनै क्षेत्र तोकिएको छैन् । यता ड्याम्पिङक साइट बनाउँन नसक्दा नगरपालिकावासीले फोहरको दुर्गन्धले पीडित बन्दै आएका छन् । नदी क्षेत्रमा फोहर फ्याल्नाले नदी आफै दुर्गन्धीत हुनका साथै पानी परेको बेला सो फोहर पुनः बाढीको सँगै स्थानियकै घरमा पुग्ने गर्दछ । यति मात्र नभएर शौचालयको फोहर समेत विभिन्न नीजि तथा पालिकाको

फोहरलाई एकत्रित गरि त्यसलाई सडाईगलाई मलखाद बनाउन सकिन्छ । र सो मलखाद खेतीका लागि निकै नै फलदायी हुन्छ । तसर्थ सबै पालिकाले ड्याम्पिङ साइट निर्माण गरि फोहरबाट मोहर बनाउने कामलाई सुरुवात गर्न पर्दछ । यसले फोहर ब्यवस्थापन हुनका साथै किसानहरुलाई मलखादको समस्याबाट थोरै भएपनि छुटकारा दिन मद्दत पुग्ने छ ।

# स्वस्थ जीवनका लागि तीन उपाय



जग्गी वासुदेव एक लेखक हुन् । उनले ८ भाषामा १०० भन्दा धेरै पुस्तकको रचना गरेका छन् । उनलाई सद्गुरु पनि भनिन्छ ।

उनी ईशा फाउन्डेशन नामक लाभरहित मानव सेवी संस्थानका संस्थापक हुन् । ईशा फाउन्डेसन भारत सहित, संयुक्त राज्य अमेरिका, इंग्ल्याण्ड, लेबनान, सिंगापुर एवं अष्ट्रेलियामा योग सिकाउँछ साथै सामाजिक एवं सामुदायिक विकास योजनाका कामहरु पनि गर्दछ । यसलाई संयुक्त राष्ट्रको आर्थिक एवं सामाजिक परिषद्मा विशेष सल्लाहकारको पदवी पनि दिइएको छ ।

सद्गुरुले जीवनलाई सरल जीवन जिउनका लागि विभिन्न उपायहरु बताउने गरेका छन् । उनका जीवन उपयोगी उपायहरुमध्ये सरल जीवनयापनका लागि ३ उपायहरु यहाँ उल्लेख गरिएको छ ।

**खाना**

सद्गुरुले दुई छाकबीच कम्तीमा ५ देखि ६ घण्टाको अन्तर हुनुपर्ने बताएका छन् । उनका अनुसार यदि कुनै दिन एकै प्रकारको खाना खाँदा कति समयभित्रमा पचाउन सकिन्छ भन्ने कुराले मानिसको स्वास्थ्यको अवस्था बताउँछ । यदि खाना ३ घण्टाभित्रमा नै पच्यो भने त्यसलाई राम्रो मानिन्छ ।

सद्गुरुले दिनमा दुई छाक मात्रै खाना खाँदा शरीरलाई फाइदा पुग्ने बताउँछन् । हरेक पटक खाना खाँदा कम्तीमा ५ देखि ६ घण्टाको अन्तर हुन आवश्यक छ ।

यस्तै, ३० वर्ष भन्दा बढी उमेरका व्यक्तिहरुले दुई छाक मात्र खाना खाए पुग्छ । भने, बेलुकाको खाना खाएपछि २० देखि ३० मिनेट शारीरिक कसरत गर्न आवश्यक छ ।

**निन्द्रा**

सद्गुरुले शरीरलाई स्वस्थ राख्न निन्द्रा आवश्यक नभएको बताएका छन् । तर, निन्द्राबिना बस्नु सम्भव नभएको उनी बताउँछन् । जीवन बाँच्ने सबैभन्दा उत्तम उपाय भनेको शरीरलाई सही तरिकाले आराम दिनु हो ।

निन्द्रा जरुरी हैन । शरीरलाई आरामको आवश्यकता पर्छ । निदाउनै पर्छ भन्ने छैन । आराम गर्ने तरिका धेरै छन् । शरीरलाई पुनः उर्जावान् बनाउन निन्द्राको भन्दा आरामको आवश्यकता पर्छ । आराम गर्दा उर्जा समिकरण सही हुन्छ । आराम गरेपछि फुर्तिलो महसुस गरिन्छ । सक्रिय हुँदा उर्जा खपत हुन्छ । त्यसैले, थकान महसुस हुन्छ ।

टाउकोदेखि गोडासम्म शरीरका हरेक अंगहरूमा ध्यान दिएर बसेर आराम गर्दा पनि शरीरलाई पुनः उर्जावान् बनाउन सकिन्छ ।

**मह र मनतातो पानी**

कुनै कारणबिना नै शरीरमा थकान महसुस हुनु भनेको शरीरमा आइरनको कमी हुनु हो । यस्तो अवस्थामा शरीरले काम गर्दैन । साथै, शरीरको रगतमा अक्सिजनको मात्रामा कमी आयो भने पनि अनावश्यक रुपमा शरीर कमजोर हुन्छ । रगतमा अक्सिजनको मात्रा कमि भयो भने मस्तिष्कमा पनि पर्याप्त मात्रामा अक्सिजन प्रवाह हुँदैन । मस्तिष्कमा अक्सिजन प्रवाह भएन भने मस्तिष्कले सही तरिकाले काम गर्दैन । जसले गर्दा व्यक्तिले आफूलाई बुद्धु सम्झिन्छ । त्यसैले शरीरमा आइरन र रगतमा अक्सिजनको मात्रा बढाउन मनतातो पानीमा मह मिसाएर पिउन सकिन्छ । मनतातो पानी र मह मिसाएर पिउँदा कायाकल्प प्रक्रिया तन्दुरुस्त हुनुका साथै मस्तिष्क पनि सक्रिय हुन्छ ।

महले शरीरका विभिन्न प्रणालीमा विभिन्न किसिमका प्रभाव पार्ने गर्छ । मन तातो र तातो पानीमा मिसाएर पिउँदा पनि फरक फरक प्रभाव गर्छ । महलाई उम्लिएको पानीमा हालियो भने महको केही भाग विषालु हुन्छ । महलाई पकाएर खानुहुँदैन । पिउन सकिने तापक्रममा मह पिउँदा फाइदा नै फाइदा हुन्छ । एजेन्सीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाललाई अफगानिस्तानको पाठ : तालिबानभन्दा भ्रष्टाचार खतरनाक !



**अन्वेषण अधिकारी**

कापी-कलम किन्ने पैसा नभएपछि एक बालकको मस्तिष्कमा भगवान गुहार्ने योजना फुर्‍यो । उनले १० रुपैयाँ माग्दै भगवानका नाममा चिट्ठी लेखे, राजालाई भगवान ठान्ने हुलाकका एक कर्मचारीले उक्त पत्र दरबार पठाइदिए । राजाले आफ्ना अर्थमन्त्रीलाई रकम निकासा गर्न आदेश दिए, मन्त्रीले ५ रुपैयाँ आफैंसँग राखेर बाँकी ५ रुपैयाँ पठाइदिए, ५ रुपैयाँ बोकेर बालकको घरमा गएका कर्मचारीले बाँकी ३ रुपैयाँ खाइदिए । अन्त्यमा, बालकको हातमा २ रुपैयाँ मात्रै पर्‍यो ।

घोटाला गर्नेहरुसँग दिक्दार भएका ती बालकले अर्को चिट्ठी लेखे : भगवान्, तपाईंलाई धन्यवाद, तर तपाईंले मेरा लागि पठाएको पैसा खाने राजा र उनका कर्मचारीको कहिल्यै भलो नहोस् ।' पत्र पढेर राजा खिन्न भए । तर, जनतामाझ अलोकप्रिय राजाको सत्ता ती घुस्याहाकै भरमा टिकेको थियो, उनले केही सुधार गर्नेवाला थिएनन् ।

प्रसङ्गलाई अफगानिस्तानसँग जोडौं, जहाँको सरकार यस्तै घुस्याहा थियो । त्यहीकारण अमेरिकी सैनिकहरुको बहिर्गमनले पूर्णता पाउनुअगावै ढल्यो ।

अमेरिकी सेना फर्किएपछि ढिलो-चाँडो यो सरकार ढल्छ भन्ने सबैलाई थाहा थियो, तर यति चाँडै अफगानी सैनिकहरु लाचार होलान् भन्ने अनुमान सत्ता कब्जा गर्ने तालिबानी विद्रोहीसमेतको थिएन ।

अफगानिस्तानमा अमेरिकाले झन्डै २ दशमलव ३ ट्रिलियन डलर खर्च गर्‍यो । अन्य विदेशी निकायहरुले पनि यहाँ ठूलो रकम खन्याएका थिए । २००२ मा एक आर्थिक वर्षका लागि अफगानिस्तानलाई दिइएको विकास सहयोग १.३ बिलियन डलर थियो, २०१८ मा आइपुग्दा यो बढेर ७.९ बिलियन डलर पुग्यो । तर, आमजनताको जीवनस्तरमा दिनानुदिन बिग्रँदै थियो । जनताका नाममा आउने सहयोग रकमको ठूलो हिस्सा अन्तर्राष्ट्रिय एजेन्सी, एनजीओ-आइएनजीओ र ठेकेदारहरुको कमिसनमै खर्च हुने गरेको थियो । बाँकी रकममा घुस्याहा कर्मचारी, आपराधिक गिरोह, माफियाको ठूलो चलखेल भयो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार सूचना सङ्कलनको नाममा युद्ध सरदार, गभर्नर, सांसद् र धार्मिक नेताहरुलाई पनि सीआईएले रकम बाँड्ने गरेको थियो ।

अहिले निर्वासनमा रहेका राष्ट्रपति असरफ गनीले सन् २००७ मा बीबीसीसँगको अन्तर्वार्तामा भनेका थिए, 'यदि हामीले अफगानीलाई काम लगाएर कुनै विद्यालय निर्माण गर्‍यौं भने यसको मूल्य ५० हजार डलर पर्न आउँछ । तर जब हामी यही काम अन्तर्राष्ट्रिय साझेदारसँग मिलेर गर्छौं, तब यसको मूल्य २ लाख ५० हजार डलरसम्म पुग्न सक्छ ।' २००९ मा बेलायतको एक सहायता नियोगले गरेको मूल्याङ्कनअनुसार दाताहरुले दिएको प्रत्येक १ सय डलरमध्ये केवल २० डलर मात्रै अफगानी जनतासमक्ष पुग्थ्यो ।

**सेना निकाल्नु सही निर्णय**

११ सेप्टेम्बर, २००१ मा वासिङटन डीसीस्थित संसद् भवन र रक्षा मन्त्रालय 'पेन्टागन' तथा न्युयोर्कस्थित जुम्ल्याहा भवन 'वर्ल्ड ट्रेड सेन्टर'मा हमला भएपछि तालिबानसँग अमेरिका रुष्ट बन्यो, यस हमलाका योजनाकार मानिएका अलकायदाका प्रमुख ओसामा बिन लादेनलाई तालिबानको संरक्षण प्राप्त थियो ।

अमेरिकाले बिन लादेनलाई बिना सर्त हस्तान्तरण गर्न भनेको थियो, तालिबानको आनेकानीपछि अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुसले 'आतङ्कवादविरुद्धको लडाइँ सुरु' भएको घोषणा गरे, र काबुलमा उत्रिएको दुई महिनाभित्रै अमेरिकी सेनाले तालिबानी सत्ता ढाल्यो ।

अर्को वर्ष, अमेरिकालाई यहाँबाट निस्कने राम्रो अवसर थियो किनकि यतिबेला विद्रोहको बादल हटेर काबुलको आकाश केही सफा भइसकेको थियो, नैतिक र कूटनीतिक रुपमा तालिबान एक्लिइसकेको थियो । अमेरिकाले त्यहाँका राजनीतिक शक्तिलाई भन्न सक्नुपर्ने थियो : हामीले आफ्नो मिसन पूरा गर्‍यौं, अब तिमीहरु आफ्नो देश बनाऊ । हामी बाहिरबाट सहायतासम्म उपलब्ध गराउन सक्छौं ।

तर, अफगानिस्तानको पुनर्निर्माणमा संलग्न हुने भन्दै अमेरिकी र नेटो सैनिक त्यहाँ डेरा जमाएर बसे । तत्कालीन राष्ट्रपति जर्ज डब्ल्यु बुसले खर्बौं डलरको परियोजना अघि सारे । बाराक ओबामाको राष्ट्रपतिय कार्यकालमा २०११ मा पाकिस्तानको अबोट्टावादमा अमेरिकी सेनाले लादेनलाई मार्‍यो, कम्तीमा यसपछि अमेरिकी सैनिक फर्कनुपर्ने थियो । ढिलै भए पनि यो स्विकारोक्ति अमेरिकी राष्ट्रपति जो बाइडेनले गरेका छन् । 'सेप्टेम्बर ११, २००१ का आक्रमणकारीलाई खोज्ने र अल कायदाले अफगानिस्तानलाई अखडा बनाएर हामीलाई फेरि आक्रमण गर्न नसकोस् भन्ने स्पष्ट लक्ष्यसहित हामी २० वर्षअघि अफगानिस्तान छिरेका थियौं, दशकअघि नै हामीले त्यो हासिल गर्‍यौं,' उनले



ट्विटरमा लेखेका छन् ।

अफगानिस्तानमा जति वर्ष युद्ध लडे पनि कुनै उपलब्धि हासिल हुनेवाला थिएन । यसअघिका महाशक्तिहरुको (ग्रिक-मेसिडोनिया, मुगल, बेलायत र सोभियत युनियन) हस्तक्षेप र अफगानी जनताको प्रतिरोधको इतिहासले यही देखाउँछ । 'अफगानिस्तान छिर्न सजिलो छ, फर्कन गाह्रो छ,' अलेक्जेन्डर महान्ले त्यसै भनेका होइनन् ।

लाखौंको बलिदानी (अमेरिकी सेना, विद्रोही र अफगानी नागरिक सबै जोड्दा) र खर्बौंको लगानी हिसाब गरेर रुमल्लिनुको साटो शान्तिपूर्ण रुपमा बाटो तताउने जुन बाटो डोनाल्ड ट्रम्प र बाइडेनले रोजे, त्यसको सराहना गर्नैपर्छ । हुन त हिजोका दिनमा बाइडेनप्रति सद्भाव राख्ने उदारवादी र वामपन्थीहरु नै अहिले उनको निर्णयको विपक्षमा छन् । तर,

*बाँकी चार पृष्ठमा*








राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## *नेपाललाई अफगानिस्तानको ...*



डोनाल्ड ट्रम्प राष्ट्रपति छँदै ३१ मेसम्म सबै सेना फर्काउने गरी सम्झौता भइसकेको तथ्यलाई उनीहरुले नजरअन्दाज गर्न मिल्दैन ।

यो समयलाई बाइडेनले अगष्ट ३१ सम्म धकेलेका पनि हुन् । तर, सेना राख्नु युद्ध लम्ब्याउने बहाना मात्र हो भन्नेमा स्पष्ट भएपछि उनले घोषित मितिमै धेरैजसो सैनिकलाई बाहिर निकाले । बाँकी सैनिक पनि चाँडै निस्कनेछन् ।

**भ्रष्टाचारको मार**

असुरक्षा, बेरोजगारी र भ्रष्टाचार अफगानी जनताले सामना गर्नुपरेका मुख्य तीन समस्या हुन् । २००१ मा तालिबानको पतनपछि अफगानिस्तानमा गठन भएको सरकारलाई प्रजातान्त्रिक भनिए पनि व्यवहारमा यो अलग थियो । स्थानीय नेतृत्वमा आदिवासी समुदायका मुखिया र युद्ध सरदारहरू थिए ।

सन् २०२१ मा फ्रिडम हाउसले प्रकाशित गरेको रिपोर्टले यो देश 'स्वतन्त्र नरहेको' देखाएको छ, त्यहाँ अफगानिस्तानलाई १ सयमध्ये २७ नम्बर मात्रै दिइएको थियो । यहाँ गरिबी निरन्तर बढ्दो अवस्थामा छ । २००७ मा ३४ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेकोमा २०१७ मा आइपुग्दा यो अनुपात ५९ प्रतिशतमा पुग्यो । पछिल्लो समय औसत प्रतिव्यक्ति आयमा केही सुधार देखिएको पनि थियो, तर धनीहरु धेरै धनी भएकाले यस्तो अवस्था निम्तिएको हो । गरिबीको खाडल निरन्तर बढिरहेकै छ ।

झण्डै पत्तासाफ भइसकेको तालिबानले फेरि समर्थन पाउनुको एउटा मुख्य कारण यो पनि हो । अफगानी जनतालाई अमेरिकी सेना कुनै न कुनै दिन फर्कन्छन् र तालिबान देशमै रहनेछ भन्ने पनि हेक्का थियो, त्यसैले उनीहरु प्रतिकारमा अघि सरेनन् । यो तालिबानको प्रभाव फैलनुको अर्को कारण हो ।

अमेरिकी रक्षा मन्त्रालयका अनुसार अमेरिकाले अफगानिस्तानमा सन् २००१ देखि २०१९ सम्म गरेको कुल सैनिक खर्च ७ सय ७८ बिलियन अमेरिकी डलर थियो, त्यसैगरी बेलायत र जर्मनीले क्रमशः ३० बिलियन र १९ बिलियन डलर खर्च गरेका थिए । तर, महत्त्वपूर्ण समयमा अफगानी सेनाको बन्दुकबाट एउटै पनि गोली पड्किएको सुनिएन ।

गोली पड्कनुपर्ने थियो भन्ने होइन, शान्तिपूर्ण निकासलाई सकारात्मक नै मान्नुपर्छ । अमेरिका, बेलायतजस्ता देशका शक्तिशाली सेनासँग प्रशिक्षण लिएका सेनाले ७५ हजार लडाकुसामु आत्मसमर्पण गर्ने वातावरण निम्तिनुमा भ्रष्टाचार नै मुख्य कारण हो भन्ने प्रमाणित गर्न मात्रै यो प्रसङ्ग जोडिएको हो ।

कागजी रुपमा सेनाको सङ्ख्या ३ लाख बढी भए पनि फिल्डमा खटिने सैनिकको सङ्ख्या मुस्किलले २ लाख थियो । भनिन्छ, अफगानिस्तानका अधिकारीहरुले सेनाको सङ्ख्या बढी देखाएर तलब-भत्ताका नाममा धेरै सहयोग भित्र्याउने गरेका थिए । तर, फ्रन्टलाइनमा खटिएका सैनिकले पछिल्लो दुई महिनादेखि तलब पाएका थिएनन् । अमेरिकी सेनाले तालिम दिएका केही पाइलटहरु पनि अफगानी एयरफोर्समा थिए । तर, यहाँको सैनिक विमान मर्मत र सञ्चालनको जिम्मा विदेशी ठेकेदारलाई दिइएको थियो । अमेरिकी सेनाको बहिर्गमनसँगै ती ठेकेदारहरु पनि हिँडे, जसकारण भएको विमान पनि सेनाले चलाउन पाएन ।

रोचक कुरा त, अमेरिका र नेटो सदस्य राष्ट्रले आफ्ना सैनिक फर्काइसकेपछि पनि २०२४ सम्मका लागि प्रतिवर्ष ४ बिलियन डलर अफगानी सैनिकलाई सहयोग गर्ने बाचा गरेका थिए, अफगानी सेनाले आत्मसमर्पण गरिसकेकाले यो सहयोग के हुन्छ भन्ने स्पष्ट छैन ।

सन् २००९ मा बेलायतको सहायता नियोगले गरेको मूल्याङ्कनअनुसार दाताहरुले दिएको प्रत्येक १ सय डलरमध्ये केवल २० डलर मात्रै अफगानी जनतासमक्ष पुग्थ्यो । जबकि अफगानिस्तानको कुल बजेटको ८० प्रतिशत विदेशी सहायता थियो ।

**लाचार राष्ट्रपति, शक्तिशाली तालिबान**

असरफ गनी २००२ मा अफगानिस्तान फर्कनुअघि अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयसहितका प्रतिष्ठित संस्थामा एन्थ्रोपोलोजीका प्रोफेसर थिए । उनीसँग विश्व बैंकमा काम गरेको अनुभव पनि थियो । हमिद कारजाईको सरकारमा उनी २००२ देखि २००४ सम्म वित्तीय मन्त्री रहे । अफगानिस्तानको पुनर्निर्माणका लागि उनले सारेका योजनाहरुको निकै प्रशंसा भएको थियो ।

सन् २०१३ मा फरेन पोलिसी म्यागेजिनले अनलाइन पोलमार्फत गरेको सर्वेक्षणमा उनी विश्वका उत्कृष्ट सय बौद्धिक व्यक्तिको सूचीमा ५०औं नम्बरमा थिए । २०१४ को निर्वाचनमा विजयी भएर उनी राष्ट्रपति चुनिए । त्यसपछि उनको निरन्तरको रटान 'भ्रष्टाचार न्यूनीकरण' नै थियो । तर, व्यवहार फरक देखियो । त्यसैले अलोकप्रिय बनेको उनको सत्ता टिकाउन स्वयं सैनिकहरु पनि अघि सरेनन् ।

बेलायतका पूर्वराजदूत अहमद वली मसुदले केही समयअघि अमेरिकी सञ्चारमाध्यम वाल स्ट्रिटमार्फत गरेको टिप्पणी सही देखियो । 'भ्रष्ट नेता र सरकारका लागि लड्न सैनिकहरुमा कुनै ऊर्जा छैन । उनीहरु गनीका लागि किन लड्ने ? बरु, उनीहरु तालिबानसँगै खुसी छन् र पक्ष बदलिरहेका छन्,' मसुदले भनेका थिए । अन्ततः तालिबानले काबुलमा घेरा हालेपछि गनी देश छाडेर भागे ।

२० वर्षअघि अफगानिस्तान छिरेको अमेरिका र अहिले अफगानिस्तानबाट बाहिरिएको अमेरिकाको विदेश नीतिमा जति फेरबदल छ । त्यति नै फेरबदल तालिबानको व्यवहारमा पनि आउनुपर्छ । हिजोका दिनमा विरोधीहरुलाई सफाया गर्ने, महिलालाई शिक्षामा रोक लगाउने, खेलकुद र मनोरञ्जनमा रोक लगाउने, पुरुषलाई दाह्री पाल्न बाध्य गराउनेलगायत धेरै अतिवादी नियमहरु लागू गरेर तालिबान कुख्यात थियो । २० वर्षपछि उसले ती गल्ती नदोहोर्‍याउने प्रतिबद्धता जनाएको छ ।

पछिल्ला कदमहरुमार्फत आफ्ना प्रतिबद्धता पालना गर्ने सन्देश पनि दिएको छ । महिला स्वतन्त्रता हनन नहुने, विदेशी नियोगहरुमा आक्रमण नगर्ने, आफ्ना विरोधीहरुलाई आममाफी दिने र राज्य निर्माणमा लाग्ने घोषणा उसले गरिसकेको छ । यी निर्णयहरु आशालाग्दा छन् । तर, विगतमा इस्लामिक अतिवादी सङ्गठनहरुसँग निकट सम्बन्ध बनाएर स्वदेशी तथा विदेशी भूमिमा आक्रमण गर्न पल्केको तालिबान तत्कालका लागि सुध्रिएजस्तो देखिए पनि देशमा पूर्ण नियन्त्रण कायम गरेपछि फेरि रुढीवादी बनेर जान्छ भन्ने संशय पनि बाँकी नै छ ।

सत्ताको चाबी आफ्नो हातमा भएकाले तालिबानले हिंसाको बाटो त्याग्दै शान्तिको बाटो अवलम्बन गर्नुपर्छ । देशका सबै जिम्मेवार पक्षसँग सहकार्य गर्दै अघि बढ्नुको विकल्प उसँग छैन । पटक-पटकको वैदेशिक हस्तक्षेपबाट थिलथिलो भएको अफगानिस्तानलाई आफ्नै बलमा अघि बढ्ने अवसर जो मिलेको छ, यसलाई गुम्न नदिन सम्बन्धित सबै सरोकारवाला सचेत हुनुपर्छ ।

**नेपालले के सिक्ने ?**

'जे आउँछ, मज्जाले पचाउँछ' भनेजस्तो पक्कै पनि होइन, विदेशी सहयोग । यस्ता सहयोग र अनुदानले देशलाई मजबुत होइन, विकृत बनाउने खतरा पनि उत्तिकै रहन्छ । नेपालका नेताहरुले सबैभन्दा धेरै ध्यान दिनुपर्ने विषय यही नै हो । देशको हितमा उपयोग गर्न सकियो भने विदेशी सहयोग फाइदाजनक पनि हुनसक्ला, तर यसका लागि त्यहीअनुरुपको चुस्त प्रशासन संयन्त्र र जनताप्रति जिम्मेवार नेतृत्व आवश्यक पर्छ ।

भ्रष्टाचारको चरम मार खेपिरहेका देशमा प्रायजसो यस्ता सहयोग दुरुपयोग हुने सम्भावना नै धेरै रहन्छ । यसमा नेपालले अफगानिस्तानबाट बेलैमा पाठ सिक्नुपर्छ कि तालिबान भन्दा भ्रष्टाचार बढी खतरनाक हुन्छ । रातोपाटीबाट


**कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा**

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ। यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुर्‍याउनु आवश्यक छ।

**कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू**

- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने
- ज्वरो आउने
- आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने
- आँखाको ढकनी सुन्निने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने
- नाकको वरिपरिको छालाको रंग कालो हुँदै जाने, रगत बग्ने, बाक्लो सिंगान आउने
- दाँत दुख्ने वा हल्लिने

**उच्च जोखिम भएकाहरू**

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

**घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू**

- सफा र सुख्खा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने
- नियमित रुपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

**यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन**

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# तीन जना सवार अनटेष्ट मोटरसाइकल दुर्घटना, एकको मृत्यु

**राजविराज**/मोटरसाईकल दुर्घट्नामा परि शुक्रबार एक जनाको मृत्यु भएको छ भने एक जना घाईते भएका छन ।

तीन जना सवार अनटेष्ट मोटरसाइकल शुक्रबार बिहान राजविराज हनुमाननगर सडकखण्डस्थित वडा नं. १५ खाँडो खोला पुल नजिकै आफै अनियन्त्रित भई दुर्घट्नामा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

तीन जना सवार मोटरसाईकल अनियन्त्रीत भएर खाँडो नदी मै पसे पछि मोटरसाईकल चालक राजविराज नगरपालिका ११ झलही फर्सैठ निवासी २६ वर्षिय विनोद सदाको मृत्यु भएको प्रहरीले जनाएको छ । उनको उपचारको क्रममा स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलको पछिल्लो सीटमा सवार सोही वडा निवासी २१ वर्षिय गौतम सदा घाइते भएका छन् । अर्का सवार धनराज सदा भने फरार छन् । उनको खोजी कार्य भइरहेको प्रहरीको भनाई छ ।

## फलामे रड काट्ने क्रममा करेन्ट लागेर मृत्यु

**राजविराज**/फलामे रड काट्ने क्रममा करेन्ट लागेर सप्तरीमा एक जनाको मृत्यु भएको छ ।

जिल्लाको कंचनरुप नगरपालिका १० बदगामा टोल बस्ने २५ वर्षिय बैजु यादवको करेन्ट लागेर मृत्यु भएको हो ।

सोही वडा निवासी केसरी पासवानको घरमा विद्युतीय उपकरणले फलामे रड काट्ने क्रममा करेन्ट लाग्दा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सोमबार राती करेन्ट लागेर अचेत भएका यादवलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याइएकोमा मंगलबार बिहान उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## जमेको पानीमा डुबेर मृत्यु

**राजविराज**/खाडलमा जमेको पानीमा डुबेर एक यूवकको मृत्यु भएको छ ।

सप्तरीको खडक नगरपालिका ३ बनरझुलाका २१ वर्षिय सन्तोष ठाकुरको खाडलमा जमेको पानीमा डुबेर मृत्यु भएको हो ।

माछा मार्न पोखरीतर्फ जाँदै गरेका बेला बाटोमा रहेको गहिरो खाडलमा उनी डुबेका थिए । खाडलमा डुबेर अचेत भएका उनलाई स्थानियले उद्धार गरि रुपनीस्थित युनिक अस्पताल पुऱ्याएका थिए ।

सोही अस्पतालका चिकित्सकले उनलाई मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## ठाकुर पक्षको लोसपा दर्ता

**राजविराज**/महन्थ ठाकुर पक्षले शुक्रबार लोकतान्त्रिक समाजवादी पार्टी नामको दल दर्ता गराएको छ ।

यसअघि निर्वाचन आयोगमा जनता समाजवादी पार्टी लोकतान्त्रिक गराएकोमा शुक्रबार पार्टीको नाम परिवर्तन गरि पुनः नाम दर्ता गराएको हो ।

ठाकुर अध्यक्ष रहेको उक्त पार्टीमा एक जना वरिष्ठ नेतामा शरतसिंह भण्डारीलाई समेत थप गरिएको छ । यसअघि वरिष्ठ नेतामा राजेन्द्र महतो मात्रै थिए ।

त्यसबाहेक २४ सदस्यीय कार्यकारिणी समितिमा सात जना महिलालाई थपेर ३१ सदस्यीय बनाइएको पार्टीका नेता केशव झाले जानकारी दिएका छन् ।

### *मोटरसाईकल ...*

बेल्का नगरपालिका १० का २२ वर्षिय रामहरी श्रेठ तथा सुनसरीको कोशी गाउपालिका ८ का २३ वर्षिय मासुम मियाँ र २१ वर्षिय मो.अकबर छन् ।

पक्राउ परेका उनीहरुले चोरी गरेका स ७ प ९२५७, बा ९० प ३२७४, प्रदेश १०५-००४ प ०४८४, प्रदेश १०२-०४१ प ३४१८ र प्रदेश २०३-०१३ प २०५७ नम्बरको मोटरसाइकल पनि प्रहरीले बरामद गरेको छ ।

प्रहरीका अनुसार गत आईतवार विहान १२ बजे तिर उक्त गिरोहका सदस्य रामहरी श्रेष्ठले सप्तकोशी नगरपालिका ६ स्थित त्रियुगा सहकारी संस्था लि.अगाडी पार्किंङ गरिराखिएको प्रदेश १०५-००४ प ०४८४ नम्बरको मोटरसाईकल चोरी गरी लगेका थिए । सो बारे खबर पाए लगतै प्रहरीले नगरपालिका तथा आशपासको क्षेत्रमा चेक जाँचलाई कडा पारेको थियो ।

यसैक्रममा सोही दिन साँझ हनुमाननगर कंकालिनी नगरपालिका १ को भलुवा चौक नजिकै श्रेष्ठ मोटरसाइकल सहित पक्राउ परेका थिए । अनुसन्धान गर्दै जाँदा गिरोहका थप ३ जना चोरीका मोटरसाईकल सहित पक्राउ गर्न सफल भएको डिएसपी माधव प्रसाद काफ्लेले बताए । विभिन्न मितीमा जिल्लाबाट चोरी भएका ५ वटा मोटरसाईकल उनीहरुबाट बरामद गरि सप्तरी जिल्ला अदालतबाट म्याद थपि आवश्यक अनुसन्धान भईरहेको उनले जानकारी दिए ।

यता सप्तरी प्रहरीले एक महिनाको अवधीमा अदालतबाट कैद तथा जरिवाना तोकिइ सकेपछि भुक्तान नगरी फरार रहेका १ सय १८ जना प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरी उपरिक्षक राजेन्द्र धमलाका अनुसार चालु आ.व. २०७८/०८९ पहिलो महिना साउन मै १ सय १८ जना फरार प्रतिवादी पक्राउ परेका छन्। उनीहरुबाट ३ वर्ष २ महिना कैद र १८ हजार ५ सय ८४ रुपैंया जरिवाना असुलीका लागी अदालतमा पेश गरिएको समेत उनले जानकारी दिए ।




## अन्तर्राष्ट्रिय समाचार

### जलवायु परिवर्तनका कारण झन्डै एक अर्ब बालबालिका जोखिममा : युनिसेफ

**न्यूयोर्क**/विश्वमा हरेक दुईमध्ये एक बालबालिका जलवायु परिवर्तनको गम्भीर नकारात्मक प्रभावको शिकार हुने अवस्थामा रहेका युनिसेफले शुक्रबार बताएको छ । मध्य अफ्रिकी गणतन्त्र, चाड, नाइजेरिया, गिनी र गिनी-बिसामा रहेका बालबालिकाहरू जलवायु परिवर्तनको सबैभन्दा बढी खतरामा रहेका बताइएको छ । "जलवायु सङ्कटले बाल अधिकारलाई पनि सङ्कटमा पारेको छ । 'जलवायु परिवर्तनका कारण बालबालिकामा जोखिम सूचकांकको परिचय' शीर्षकमा गरिएको अध्ययनमा युनिसेफले आफ्नो युवा जनसंख्याको जलवायु र वातावरणीय प्रभावको आधारमा देशहरूलाई स्थान दिँदै बालबालिकाको दृष्टिकोणबाट जलवायु जोखिमको पहिलो व्यापक विश्लेषण गरेको बताएको छ ।

युनिसेफले भनेको छ, "विश्वका दुई अर्ब बीस करोड बालबालिकामध्ये झन्डै एक अरब केटाकेटी 'अत्यन्तै जोखिमपूर्ण' भनी वर्गीकृत ३३ देशहरूमा बसोबास गर्छन् ।यस अध्ययनमा विचार गरिएका खतराहरूमा बाढी, चक्रवात, ताप लहर, पानीको अभाव, वायु प्रदूषण, सीसा प्रदूषण र संक्रामक रोगहरू समावेश छन् । "जलवायु र वातावरणीय प्रभावले स्वच्छ हावा, भोजन र सुरक्षित पानीको पहुँचदेखि लिएर शिक्षा, आवास, शोषणबाट स्वतन्त्रता र बाँच्न पाउने तिनीहरूको अधिकारलाई समेत बालबालिकाको अधिकारको पूर्ण क्षेत्रलाई कमजोर बनाइरहेको छ ।युनिसेफका कार्यकारी निर्देशक हेनरिएटा फोरले भन्नुभयो, "बास्तबमा कुनै पनि बच्चाको जीवनमा असर नपर्ने सम्भावना छैन । संयुक्त राष्ट्र संघीय यस निकायले सरकार तथा अन्य सम्बन्धित निकायहरूलाई बालबालिकाका लागि जलवायु अनुकूलन र लचीलापनमा बढी लगानी गर्न, सन् २०३० सम्ममा हरितगृह ग्याँस उत्सर्जनलाई कम्तीमा ४५ प्रतिशतले कम गर्न, जागरूकता बढाउन, युवाहरूलाई जलवायु परिवर्तन नीति निर्माणमा संलग्न गर्न र कोभिड-१९को प्रभाब कम भएको सुनिश्चित गर्न आह्वान गरेको छ । एजेन्सी

### भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि कमी

**नयाँ दिल्ली**/भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि कमी आएको छ । सरकारी अधिकारीले शनिबार बिहान सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो एक दिनमा भारतमा ३४ हजार ४५७ जना नयाँ सङ्क्रमित थपिएका छन् । जबकी त्यसको अघिल्लो दिन २४ घण्टामा ३६ हजार ५७१ जना नयाँ सङ्क्रमित थपिएका थिए । त्यसैगरी अघिल्लो दिनको तुलनामा पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण मृत्यु भएकाको सङ्ख्यामा पनि कमी आएको छ ।

अघिल्लो दिन ५४० जनाको मृत्यु भएको थियो भने पछिल्लो २४ घण्टामा ३७५ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयकाअनुसार अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या पनि १५१ दिन यताकै सवैभन्दा धेरै रहेको छ । अहिले भारतमा तीन लाख ६१ हजार ३४० जना सङ्क्रमित अवस्थामै रहेका छन् । यो पनि अघिल्लो दिनको तुलनामा कम हो । अघिल्लो दिन भने सङ्क्रमित अवस्थामै रहेका सङ्क्रमितको सङ्ख्या तीन लाख ६३ हजार ६०५ रहेको थियो । कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि भारतमा अहिलेसम्म तीन करोड १५ लाख ९७ हजार ९८२ जना सङ्क्रमणमुक्त भइसकेका छन् । तीमध्ये पछिल्लो २४ घण्टामा ३६ हजार ३४७ जना सङ्क्रमणमुक्त भएका हुन । एजेन्सी

### अफगानिस्तान मुद्दामा अमेरिकी राष्ट्रपतिद्वारा पुनःअमेरिकाको बचाउ

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानको विषयमा अमेरिकाले गरेको कामको पुनः बचाउ गर्नुभएको छ । उहाँले भन्नुभएको छ, अमेरिकाले अफगानिस्तानाट सेना फिर्ता गरेर ठिक गरेको छ, अमेरिकाले जे जसरी त्यहाँबाट आफ्नो सेना फिर्ता गऱ्यो, त्यो सही छ । उहाँले हाल अफगानिस्तानमा अमेरिकाले गरेको कामको विषयलाई लिएर अमेरिकामाथि विश्वसनीयताको प्रश्न उठ्ने कुरै नआउने बताउनुभएको हो ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएको विषयमा उहाँले पहिले पनि आफ्नो निर्णयको बचाउ गर्दै आउनुभएको छ । उहाँले यस अघि पनि पटक पटक आफ्नो निर्णयमा आफू कटिबद्ध रहेको बताउँदै आउनुभएको छ । हाल पनि युद्धग्रस्त रहेको अफगानिस्तानमा तालिबानको नियन्त्रणपछि अमेरिकाले आलोचना खेपिरहेको छ । अमेरिकाले समयमै तथा अवैज्ञानिकरुपमा आफ्नो सेना फिर्ता गर्दा अफगानिस्तानलाई तालिबानले कब्जा गरेका भनिएको छ । राष्ट्रपति बाइडेनले भने यो निर्णय सही समयमा गरिएको उचित निर्णय रहेको बताउँदै आउनुभएको छ । अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले देश छाडेर गएपछि १५ अगस्तमा नै तालिबानीले सत्तामा पुगेका छन् । आइतवार तालिबानले लडाइँ जितेको घोषणा पनि गरेका थिए ।

अफगानिस्तानका तालिबान सशस्त्र विद्रोही पुनःसत्तामा आएसँगै अफगानिस्तानमा करिब २० वर्ष लामो अमेरिकी नेतृत्वको गठबन्धनको उपस्थितिको पनि औपचारिकरुपमै अन्त्य भएको छ । अफगानिस्तानको सेनाले आफ्नो देश कब्जा हुन नदिन देशको लागि लड्न नसकेको यसअघि पनि बाइडेनले बताउनुभएको थियो । अफगान सेनाले आफ्नो देशको लागि आफैँ लड्न नसकेकाले यस्तो अवस्था आएको उहाँले बताउनुभएको थियो । अफगानिस्तानमा यो घटना भएपछि अमेरिकाप्रति प्रश्न उठेको बताइएको छ । विश्वका अमेरिकालाई साथ दिएका कतिपय देशले अमेरिकी यस कार्यप्रति प्रश्न उठाउँदै आगामी दिनमा विश्वासको संकट हुन सक्ने बताएका थिए । अमेरिकी राष्ट्रपति बाइडेनले भने यो कसैले प्रश्न गर्ने विषय नभएको र अफगान मुद्दाका कारण आगामी दिनमा विश्वका आफ्ना गठनबन्धन सदस्यसँग अविश्वासको प्रश्न नै नआउने भन्नुभएको छ । एजेन्सी

# तस्करी गर्दै गर्दा पचासी कार्टुन चाइनिज स्याउसहित एक पक्राउ

**राजविराज**/सप्तरीसँगै टासिएको भारतीय सीमा नाका हुँदै तस्करी गरि लैजादै गरेको ८५ कार्टुन चाइनिज स्याउसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

दुई वटा ठेलामा लोड गरि भारततर्फ लैजाँदै गरेको अवस्थामा गस्तीमा खटिएको प्रहरी टोलीले भारतीय सीमा नजिकैबाट जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १२ निवासी ४० वर्षिय शिवम पण्डितलाई पक्राउ गरेको हो।

पक्राउ परेका पण्डितले आफू भरिया मात्र भएको भनेपछि प्रहरीले अनुसन्धान गर्दै जाँदा उक्त सामान मनोज मुखियाको भएको बताएपछि प्रहरीले सोही वडास्थित मुखियाको घरमा समेत छापा मारेको थियो।

सो क्रममा भारततर्फ चोरी निकासी गर्न ठिक पारिएको थप ६० कार्टुन स्याउ मुखियाको गाईगोठबाट बरामद गरेको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्। बरामद स्याउको बजार मुल्य ३ लाख ४५ हजार मुल्याङ्कन गरिएको छ।

आवश्यक कारवाहीका लागि सोमबारै बेल्हीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको उनको भनाई छ।

# एक महिनाको अवधीमा पाँच जनाको डुबेर मृत्यु

**राजविराज**/चालु आर्थिक वर्षको एक महिनाको अवधीमा सप्तरीमा डुबेर ५ जनाको ज्यान गएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्क अनुसार २०७७ असारमा २, साउनमा १, भदौंमा २, असोजमा ३, कात्तिकमा २, मंसिर, पुस र माघमा क्रमश १/१, फागुनमा ३ जनाको पोखरीमा डुबेर ज्यान गएको छ। यस्तै २०७८ बैशाखमा २ र जेठमा ४ जना गरि २२ जनाको पोखरीमा डुबेर मृत्यु भएको छ।

यसअघि जिल्लामा गत आ.ब. २०७७/७८ मा नदी, खोला, पोखरी, खाल्डो तथा नालामा डुबेर १४ बालबालिकासहित २७ जनाको मृत्यु भएको थियो।

यसैबीच बिहीबार जिल्लाको महदेवा गाउँपालिका ४ बस्ने सुवन कामैतकी ५ वर्षिया छोरी सोनमको नुहाउने क्रममा ज्यान गएको छ। आमासँग पोखरीमा नुहाउँदै गरेकी ती अवोध बालिकाको डुबेर ज्यान गएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार घर नजिकै रहेको खुदन तिवारीको पोखरीमा आमासँग नुहाउँदै गरेको बेला अचानक डुबेर मृत्यु भएको हो।





अनुरोधकर्ता : रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी


# बाढीपीडितलाई राहत प्रदान



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ स्थित को. बर्साइनको दलित वस्तीका १ सय ५० घर डुवानमा परेको छ।

जिता नदीमा आएको बाढीले तटबन्ध भत्काउदा मंगलबार बिहान दलित वस्तीमा पानी पस्दा खंग टोल, राम टोल र सरदार टोलका १ सय ५० घर डुवानमा परेको हो।

बाढीले फुसको संरचना भएका ६ वटा घर समेत ढलेका छन्। बाढीले सो वडा र आसपासका करिब सयौं विगहा धान खेत समेत डुवानमा परि लाखौंको अन्नबाली नोक्सान भएको छ।

बाढी प्रभावित क्षेत्रमा निरिक्षणका लागि पुगेका गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले तटबन्ध भत्किएपछि पसेको बाढीले ६ घर ढलेको तथा घरमा पानी पस्दा खाना पकाउन तथा खानेपानीको ट्यूबेल डुबानमा पर्दा स्वच्छ खानेपानीको समस्या उत्पन्न भएको जानकारी दिए।

वर्षायाममा जिल्लास्थित खाडो, जिता, त्रियुगा, खडक, सप्तकोशी लगायतका नदीमा आउने बाढीले जिल्लामा ठूलो जनधनको क्षति हुने गरेको छ।

यसैबीच बाढी पीडितहरुलाई गाउँपालिकाले राहत वितरण गरेको छ। बाढी पीडितप्रति परिवार २५ किलो चामल, ५ किलो भुजा (मुरही), एक किलो सोयाबिन, एक किलो नुन, चार वटा साबुन र एक्वा ट्याबवितरण गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेशकुमार झाले जानकारी दिएका छन्। एक्वाट्याब सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले उपलब्ध गराएको थियो।

राहत वितरण कार्यक्रममा वडा नं. ५ का वडा अध्यक्ष राजेन्द्र साह, विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झा, स्वास्थ्य शाखा संयोजक शैलेश कुमार मिश्र, कृषि विकास अधिकृत उदयकान्त झा, सेभ द सप्तरीका विष्णुकान्त देव, दुर्गानन्द शर्मासहितको सहभागिता रहेको थियो।

यता बाढीले भत्काएको बाँध एक दुई दिनभित्रै निर्माण गरिने बताउँदै गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले बाँध निर्माणको लागि आवश्यक बोरा र जाली प्रहरी चौकीको. बर्साइनमा राखिएको जानकारी दिए।

## गोबरगाढा पुनः...

सुख्खायाममा पैदल, बयलगाढा, मोटरसाइकल, ट्याक्टर तथा वर्षायाममा डुङ्गाले मात्र आवतजावत हुने गोबरगाढा गाउँमा बाढी पसेको यो पहिलो होइन्। प्रत्येक वर्ष वर्षायाममा सो गाउँको पूरानो बस्ती मानिएको उक्त बस्तीमा वर्षायामसँगै बाढी पस्ने र स्थानिय बिस्थापित हुने गरेका छन्।








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*